# नेपाल वायुसेवा निगम

## करार सेवामा पदपूर्तिको लागि विज्ञापन

**प्रकाशित मिति: २०८२।०३।०५**

निगमका निम्नलिखित रिक्त पदहरुमा करार सेवामा पदपूर्तिका लागि योग्य नेपाली नागरिकहरुबाट अनलाइन दरखास्त आह्वान गरिन्छ । देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले निगमको अनलाइन दरखास्त प्रणाली **vacancy.nepalairlines.com.np** मार्फत् आवश्यक विवरण भरी उक्त प्रणालीमा रहेको Connect IPS तथा Khalti App को भुक्तानी प्रणालीमार्फत् सम्बन्धित पदका लागि तोकिए बमोजिमको दरखास्त दस्तुर भुक्तानी गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र पेश गर्नु पर्नेछ । रीत नपुगेका र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

**विज्ञापित पदहरुको विवरण :**

| क्र.सं | विज्ञापन नं | पद | तह | सेवा/समूह/उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | करार १।०८१।८२ | वरिष्ठ प्राविधिक | ५ | वायुयान मर्मत सम्भार | ११ |
| २ | करार २।०८१।८२ | प्राविधिक | ४ | वायुयान मर्मत सम्भार | १३ |
| ३ | करार ३।०८१।८२ | जुनियर ग्राउण्ड इक्विप्मेण्ट अपरेटर | ३ | वायुयान मर्मत सम्भार/ग्राउण्ड इक्विप्मेण्ट | २० |

**आवश्यक न्यूनतम योग्यता :**

| क्र.सं | विज्ञापन नं | पद | तह | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | करार १।०८१।८२ | वरिष्ठ प्राविधिक | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा CTEVT बाट अटोमोबाइल/मेकानिकल विषय लिई Diploma वा १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| २ | करार २।०८१।८२ | प्राविधिक | ४ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट (Automobile/Mechanical/Electrical/Electronics) विषयमा प्राविधिक एल.एल.सी. (TSLC) वा सो सरह उत्तीर्ण गरेको । |
| ३ | करार ३।०८१।८२ | जुनियर ग्राउण्ड ईक्युपमेन्ट अपरेटर | ३ | नेपाली लेखपढ गर्न जान्ने र भारी तथा हलुका सवारी चलाउने अनुमतिपत्र प्राप्त |

**परीक्षा दस्तुर :**

| तह | दस्तुर |
|---|---|
| पाँच र चार | रु. ५००/- |
| तीन | रु. ४००/- |

**उपर्युक्त पदहरुका लागि:**

(क) **उमेरको हद:** सबै तहका पदहरुका लागि १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको । महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) **समकक्षता:**
समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित विश्वविद्यालय वा निकायबाट समकक्षता निर्धारण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन ।

(ग) **पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

— नेपाली नागरिकताको प्रमाणपत्र,

— तोकिएको न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र (Marksheet/Grade-Sheet) वा ट्रान्स्क्रिप्ट,
— चारित्रिक प्रमाणपत्र (Character Certificate),
— समकक्षता (आवश्यक पर्नेहरुका लागि मात्र)

(घ) निगमको सूचनामा उल्लिखित म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विविरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रीतपूर्वक पेश नभएको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो दरखास्त स्वीकृत भएको पाइएमा जुनसुकै बखत दरखास्त रद्ध हुनेछ ।

(ङ) **नागरिकता** : उम्मेदवार नेपाली नागरिक हुनु पर्नेछ ।

(च) **छनौट प्रक्रिया** : तह ४ र ५ का पदहरुका लागि अन्तरवार्ता । विज्ञापन नं. करार ३।०८१।८२, जुनियर ग्राउण्ड इक्विप्मेण्ट अपरेटर पद, तह ३ का लागि प्रयोगात्मक तथा अन्तरवार्ता दुवै ।

(छ) **सेवाका शर्तहरु** : उपर्युक्त पदहरुमा सुरुवाती करारनामा १ (एक) वर्षका लागि गरिनेछ र निगमको आवश्यकता अनुसार करारनामा नवीकरण हुन सक्नेछ । तर तह ४ र ५ मा करार सेवामार्फत् पूर्ति भएका पदहरुमा स्थायी पदपूर्ति हुन आएमा सोही मितिदेखि लागू हुने गरी करारनामा रद्द हुनेछ ।

(ज) **अनलाईन दरखास्त पेश गर्ने अन्तिम मिति:**
अनलाईन प्रणालीमार्फत् दरखास्त पेस गर्ने उम्मेदवारहरुले २०८२/०३/१९ गते राती १२:०० बजेसम्म तोकिएको परीक्षा दस्तुर अनिवार्य रुपमा बुझाइ फाराम पेस गरिसक्नु पर्नेछ । म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन, साथै कुनै पनि कारणले रद्द हुन गएको दरखास्तको परीक्षा वापतको दस्तुर फिर्ता हुने छैन ।

(झ) **तलब तथा अन्य सुविधा** : निगमको नियमानुसार ।

(ञ) सम्बन्धित पदहरुका लागि प्राप्त दरखास्तहरुमध्ये संक्षिप्त सूची (Shortlist) मा परेका उम्मेदवारहरुलाई मात्र अन्तरवार्ता तथा प्रयोगात्मक परीक्षामा सहभागी गराइनेछ । संक्षिप्त सूची (Shortlist), प्रयोगात्मक तथा अन्तरवार्ताको कार्यक्रम निगमले तोके बमोजिम सञ्चालन हुनेछ । सोको सूचना निगमको वेबसाईट तथा गोरखापत्र दैनिकमा प्रकाशन गरिनेछ ।

(ट) थप जानकारीका लागि निगमको केन्द्रीय कार्यालय, न्यूरोड काठमाडौंको फोन नं. ०१-४२२०७५७, एक्स्टेन्सन नम्बर ३३१९ मा सम्पर्क गर्न सकिनेछ ।

पूनश्च:
यो सूचना निगमको वेबसाइट **www.nepalairlines.com.np** मा समेत उपलब्ध गराइएको छ ।

**मानव संशाधन विभाग**